आज मिति २०८३ साल भाद्र २४ गते बुधबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८३/०८४ को दोस्रो बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री ~~कान्छीमाया थामाङ~~ (वडाध्यक्ष १-नं.वडा) तुल कु. गुरुङ (का.वा. वडाध्यक्ष)
४. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
५. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
६. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
७. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
८. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
९. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
१०. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
११. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१२. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१३. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१४. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१५. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१६. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१७. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१८. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
१९. श्री रविन भुजेल (का.पा. सदस्य)
२०. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२१. श्री सावित्री सुनार (का.पा. सदस्य)
२२. श्री सकिना खातुन (का.पा. सदस्य)
२३. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)
२४. श्री अमृत सिग्देल - प्रमुख प्रशासकीय अधिकृत (सचिव)

अन्य उपस्थितिः

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री राजिव घिमिरे, सूचना प्रविधि अधिकृत
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)

## भानु नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०५/२४ गते आ.व.२०८३/०८४ को दोस्रो बैठकको निर्णयहरु

निर्णय नं. १ चिनको स्वशासित क्षेत्र तिब्बतको हिमताल फुटेर रसुवाको केरुङ र टिमुरे लगायतका क्षेत्रमा भएको अपार जनधनको क्षतिप्रति गहिरो दुख प्रकट गर्दै बेपत्ताहरूको खोजतलास, घाइतेहरूको शीघ्र स्वास्थ्य लाभ र पीडित परिवारजनमा धैर्यधारणको कामना गर्दछौं। यस्तो कठिन घडीमा मानवीय सेवामा तदारुकताका साथ खटिनुका साथै सम्भावित विपद्बाट हुने क्षति न्यूनीकरण गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना र विभिन्न संघ-संस्थाहरूबीच आपसी समन्वय र हातेमालो गरी उद्धार कार्यलाई थप प्रभावकारी बनाउन आवश्यकता महसुस गरि भानु नगरपालिकाभित्र विपद् जोखिम न्यूनीकरण गर्न र सम्भावित संकटबाट सुरक्षित रहन स्थानीय नागरिकहरूको सहभागितामा विशेष विपद् व्यवस्थापन तालिम सञ्चालन गरिनेछ। उक्त विपद्बाट भएको अपूरणीय क्षति पुगेको वर्तमान अवस्थामा भानु नगरपालिकामा हरितालिका तीज लगायत आगामी चाडपर्वहरूमा आयोजना गरिने सम्पूर्ण मनोरञ्जनात्मक तथा उल्लासपूर्ण सांस्कृतिक कार्यक्रमहरू तत्कालका लागि स्थगित गरी संयमतापूर्वक पर्व मनाउने निर्णय गरियो। साथै, विपद्को यस घडीमा उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउन सम्पूर्ण सुरक्षा निकाय, जनप्रतिनिधि, कर्मचारी र नागरिक समाजलाई आ-आफ्नो ठाउँबाट सक्रियताका साथ जुट्न हार्दिक अपिल समेत गर्ने निर्णय गरियो ।

निर्णय नं. २ हालको प्रलयकारी बाढी तथा विपद्बाट प्रभावित भानु नगरपालिकाका नागरिक, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय र देशैभरका बेपत्ता नागरिकहरूको खोजी तथा उद्धार कार्यमा तत्परता अपनाउँदै सम्बन्धित वडा समितिहरूले आवश्यक व्यवस्थापन मिलाउने निर्णय गरियो। यस विपद्बाट घरबारविहीन र पीडित हुन पुग्नुभएका नागरिकहरूको राहत तथा पुनर्स्थापनाका लागि नेपाल सरकारको प्रधानमन्त्री राहत कोषमा भानु नगरपालिकाको विपद् व्यवस्थापन शीर्षकबाट ५ लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराइनेछ। नेपाल सरकारले तोकेको स्केल बमोजिमको तलव भुक्तानी हुने कर्मचारीहरुको हकमा नेपाल सरकारको निर्णय बमोजिम र अन्य कर्मचारीको हकमा २ दिन बराबरको पारिश्रमिक प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने तथा भानु नगरपालिकाका जनप्रतिनिधिहरूको तर्फबाट कम्तीमा १० दिनको सेवा-सुविधाबापतको रकम भानु नगरपालिकाका बेपत्ता व्यक्तिहरूको खोज तथा उद्धार कार्यका लागि प्रयोग गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा दाखिला गरि खर्च गर्ने निर्णय गरियौ। यसका साथै, बाढी तथा विपद्बाट प्रभावितहरूको पुनर्स्थापना र राहतका लागि व्यक्तिगत वा विभिन्न संघ-संस्थामार्फत हुने आर्थिक सहयोगलाई थप पारदर्शी, मर्यादित र व्यवस्थित बनाउँदै प्रधानमन्त्री राहत कोषमार्फत प्रत्यक्ष र सहज सहयोग पुग्ने वातावरण निर्माण गर्ने निर्णय गरियो ।

अमृत सिग्देल
प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
२०८३।०५।२४

__निर्णय नं. ३__ मिति २०८३ साल भाद्र १० गते विहान गएको प्रलयकारी बाढीबाट विस्थापित तथा पीडित हुनुभएका नागरिकहरूको सुरक्षित व्यवस्थापन र दीर्घकालीन पुनर्स्थापना लागि नेपाल सरकारले मध्यपहाडी लोकमार्ग आसपास डुम्रे–भन्सार क्षेत्रलाई १ लाख जनसंख्या पुऱ्याउने लक्ष्यसहित विशेष सहरी क्षेत्रको रूपमा विकास गर्ने घोषणा गरेको सन्दर्भमा, नदी तटीय क्षेत्रका जोखिमपूर्ण बस्तीमा बसोबास गर्ने आम नागरिकहरूलाई सोही योजनामा पहिलो प्राथमिकतामा राखी सुरक्षित आवासको व्यवस्था मिलाउन नेपाल सरकारसँग विशेष अनुरोध गर्ने निर्णय गरियो ।

__निर्णय नं. ४__ यस नगरपालिकाले तर्जुमा गरि लागू गरेको "भूमि बैंक सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" लाई नेपाल सरकारले जारी गरेको भूमि बैंक (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८३ बमोजिमको संशोधन गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। सोको स्वीकृतीको लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने समेत निर्णय गरियो।

__निर्णय नं. ५__ भानु नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरुबाट औषधी निःशुल्क वितरण गर्न र बाह्रै महिना उपलब्ध सुनिश्चितता एव्व माग, आवश्यकता र खपतको ट्रेन्डका आधारमा प्रदेश सरकारबाट प्राप्त हुने तपसिलका औषधीहरु अपर्याप्त र समयमै उपलब्ध नहुने भएकोले थप खरिद गर्ने निर्णय गरियो ।

तपसिल

- Tab Amlodipine
- Tab Metformin

अमृत सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

२०८३।०८।२४
आनन्द राज त्रिपाठी
प्रमुख